# नेपाल सरकार

# शिक्षक सेवा आयोग

## माध्यमिक तह, तृतीय श्रेणी शिक्षक पदको खुला प्रतियोगितात्मक परीक्षाका लागि

## जनसङ्ख्या शिक्षा विषयको पाठ्यक्रम, २०८१

## खण्ड ‘क’

**१. जनसङ्ख्या शिक्षाको अवधारणा (Concept of Population Education)**

१.१ जनसङ्ख्या शिक्षाको परिचय र क्षेत्र (Introduction to population education and its scope)

१.२ जनसङ्ख्या शिक्षाको अन्य विषयहरूसँगको सम्बन्ध (Relation of population education with other subjects)

१.३ विद्यालय तहमा जनसङ्ख्या शिक्षाको आवश्यकता तथा महत्त्व (Need and importance of population education at school level)

१.४ जनसङ्ख्या शिक्षाको उद्‌भव र विकास (Origin and evolution of population education)

१.५ नेपालमा जनसङ्ख्या शिक्षाको विकास र वर्तमान समयमा यसको सान्दर्भिकता (Evolution of population education in Nepal and its relevance at present)

**२. जनसङ्ख्या शिक्षाको सिद्धान्त र दर्शन (Principles and Philosophy of Population Education)**

२.१ जनसङ्ख्यासम्बन्धी पूर्वीय चिन्तन : कौटिल्य र कन्फ्युसियस (Eastern thinking on population: Kautilya and Confucious)

२.२ जनसङ्ख्यासम्बन्धी पाश्चात्य चिन्तनः सिसेरो, प्लेटो, अरस्तु) (Western thinking on population : Cicero, Plato and Aristotle)

२.३ जनसङ्ख्यासम्बन्धी आधुनिक सिद्धान्तहरू : माल्थस, आदर्श जनसङ्ख्या, मार्क्स, जनसङ्ख्या संक्रमण (Modern theories of population: Malthus, optimum population, Marx, and demographic transition)

२.४ सार्क राष्ट्रहरूमा जनसङ्ख्या शिक्षाको स्थिति र अभ्यास (Status and practice of population education in the SAARC countries)

२.५ जनसङ्ख्या शिक्षामा देखापरेका नयाँ सरोकारका क्षेत्रहरूः लैङ्गिक सवाल, सामाजिक न्याय, सामाजिक समावेशीकरण, यौन तथा प्रजनन स्वास्थ्य शिक्षा, दिगो विकास लगायतका क्षेत्रहरू ( Recent trends and issues of population education: gender issues, social justice, social inclusion, sexuality and reproductive health education and sustainable development)

## ३. जनसङ्ख्या शिक्षामा शैक्षणिक योजना र कक्षा व्यवस्थापन

**(Instructional Planning and Classroom Management in Population Education)**

३.१ शैक्षणिक योजनाको परिचय, आवश्यकता र प्रयोग (Introduction, need and application of instructional planning)

३.२ जनसङ्ख्या शिक्षा शिक्षणमा योजना निर्माणः वार्षिक कार्ययोजना, एकाइ योजना र दैनिक पाठयोजना (Instructional planning in population education: annual workplan, unit plan and daily lesson plan)

३.३ जनसङ्ख्या शिक्षा शिक्षणमा प्रयोग गर्न सकिने शिक्षण सामग्रीहरू (Instructional materials to be used in population education)

३.४ जनसङ्ख्या शिक्षा शिक्षण तथा कक्षा व्यवस्थापन : आवश्यकता, शिक्षण प्रविधि, कक्षा व्यवस्थापन र विविधताको सम्बोधन (Teaching population education and classroom management: need, teaching technology, classroom management and addressing diversities)

३.५ जनसङ्ख्या शिक्षा शिक्षणमा परियोजना, लघु/कार्यमूलक अनुसन्धान र प्रयोगात्मक अभ्यास (Project in population Education, mini and action research and practical exercise)

## ४. जनसङ्ख्या शिक्षामा शिक्षण विधि तथा प्रविधि (Teaching methods and technology in population education)

४.१ माध्यमिक तहमा जनसङ्ख्या शिक्षा पाठ्यक्रममा सिकाइ प्रक्रियाः परिचय र आवश्यकता ( Teaching learning process at secondary level : introduction and need) ।

४.२ जनसङ्ख्या शिक्षामा प्रयोग गरिने शिक्षक केन्द्रित, विद्यार्थी केन्द्रित र सहभागितात्मक शिक्षण विधिहरूको परिचय, विधि र प्रयोग (Teacher centred, student centred and participatory learning process in population education at secondary level: Introduction, methods and application)

४.३ जनसङ्ख्या शिक्षा शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग : इन्टरनेट, मल्टिमेडिया, स्मार्टवोर्ड, ई–लाइब्रेरी, युट्युब (Use of communication technology in teaching population education: internet, multimedia, smart board, e-library, and you tube)

४.४ अनलाइन र अफलाइन सिकाइका तरिका (Online and off line learning procedure)

४.५ असल शिक्षक र असल शिक्षणमा हुनुपर्ने गुणहरू (Good teacher and his/her qualities)

## ५. जनसङ्ख्या शिक्षाको पाठ्यक्रम, पाठ्यपुस्तक तथा मूल्याङ्कन

**(Curriculum, textbooks and evaluation in population education )**

५.१ पाठ्यक्रमको अवधारणा, महत्त्व, विशेषता, प्रकार र पाठ्चक्रम निर्माण (Concept of curriculum, its importance, characteristics, types and its construction)

५.२ पाठ्यक्रमका मुख्य अङ्गहरू (Major components of curriculum)

५.३ माध्यमिक तहको जनसङ्ख्या शिक्षा पाठ्यक्रम (Population education curriculum at secondary level)

(क) तहगत सक्षमता र सिकाइ उपलब्धि (Level wise ability and learning outcomes)

(ख) विषयवस्तुको क्षेत्र, क्रम तथा एकाइगत उद्देश्यहरू (Scope, sequence and unit–wise objectives)

(ग) पाठ्यभारसहित पाठ्यक्रमको विषयवस्तुको विस्तृतीकरण तालिका निर्माण तथा प्रयोग (Specification of scope of curriculum with working load and construction and application of specification chart)

(घ) उल्लिखित आधारमा पाठ्यक्रमको समीक्षा (Evaluation of curriculum based on given criteria)

५.४ पाठ्यपुस्तक र शिक्षक निर्देशिका : परिचय, आवश्यकता र प्रयोग (Textbooks and teaching guides : Introduction, need and application)।

५.५ जनसङ्ख्या शिक्षामा मूल्याङ्कनको अवधारणा, यसका प्रकार र प्रक्रिया (Concept of evaluation in population education, its types and process)

## खण्ड ख

### ६. जनसाङ्ख्यिकी/जनसङ्ख्या अध्ययन (Demography/ Population Studies)

६.१ जनसाङ्ख्यिकी/जनसङ्ख्या अध्ययनको अवधारणा र विकास (Concept of demography/ population studies and its development)

६.२ जनसाङ्ख्यिक तथ्याङ्कका स्रोतहरू: जनगणना, पञ्जीकरण, र नमूना सर्वेक्षण (Sources of population data: population census, vital registration and sample survey) ।

६.३ जनसङ्ख्या परिवर्तनका निर्धारक र मापन (Determinants of population change and measures)

६.४ जनसङ्ख्या प्रक्षेपण (Population Projection) : अवधारणा, महत्त्व तथा विधिहरू (Concept, importance and methods )

६.५ जनसङ्ख्या वृद्धि: सन्तुलित जनसङ्ख्याको समीकरण र वृद्धिदरका मापकहरू (Population growth: balanced equation and growth rates)

### ७. विश्वको जनसाङ्ख्यिक स्थिति र नेपाल (World Population Situation and Nepal)

७.१ विकसित तथा विकासोन्मुख राष्ट्रको जनसाङ्ख्यिक अवस्था (Population situation of the developed and developing countries)

७.२ सार्क राष्ट्रहरूको जनसाङ्ख्यिक अवस्था (Population situation of the SAARC countries)

७.३ नेपालको जनसाङ्ख्यिक अवस्था र यसका सामाजिक पक्ष (Population situation of Nepal and its social aspects)

७.४ बसाइँसराइ तथा सहरीकरणले विकासमा पारेको असर (Effects of migration and urbanization on development)

७.५ नेपालबाट युवाहरूको बसाइँसराइ र विविध क्षेत्रको विकासमा यसको असर (Migration of youth from Nepal and its effect on various aspects of development)

**८. गुणस्तरीय जीवन, पारिवारिक जीवन शिक्षा र सामाजिक सुरक्षा (Quality of Life, Family Life Education and Social Security)**

८.१ गुणस्तरीय जीवन (Quality of life) : तत्त्व, आधार, सुखी जीवनका सूचकहरू, मानव विकास सूचकाङ्क (Factors, bases, indices of happiness, human development index)

८.२ पारिवारिक जीवन शिक्षा, पारिवारिक योजना तथा अभिभावकको जिम्मेवारी, विवाह (Family life education, planning of family, responsibility of parents and marriage)

८.३ सामाजिक सुरक्षाको अवधारणा र महत्त्व (Concept and importance of social security)

८.४ नेपालमा महिला, बालवालिका, अपाङ्ग, सीमान्तकृत तथा ज्येष्ठ नागरिकको सामाजिक सुरक्षा

(Status of women, children, disabled, marginalized and social security of senior citizens)

८.५ गुणस्तरीय जीवनलाई प्रभाव पार्ने तत्त्वहरू (Factors affecting Quality of Life): जनसाङ्ख्यिक लाभांश, जनसङ्ख्याको असमान वितरण, घट्दो जनसङ्ख्या बृद्धिदर र यसको असर (Demographic dividend, unequal distribution of population, declining population growth and its consequences)

**९. जनसङ्ख्या नीति तथा कार्यक्रम (Population Policies and Programmes)**

९.१ जनसङ्ख्या नीतिको परिचय, प्रकार र विशेषता (Introduction to population policies, types and characteristics)

९.२ जनसङ्ख्या प्रति उत्तरदायी नीतिहरू: शिक्षा, स्वास्थ्य र आधारभूत आवश्यकता (Population responsive policies: education, health and basic needs)

९.३ नेपालको जनसङ्ख्या नीति तथा कार्यक्रमहरू (चालु आवधिक योजनाको जनसङ्ख्या नीति समेत) (Population policies and programmes of Nepal including current plan)

९.४ जनसङ्ख्या नीति सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिवद्धता (बेइजिङ सम्मेलन, कायरो सम्मेलन, सहस्राब्दि विकासका लक्ष्यहरू र दिगो विकासका लक्ष्यहरू)

(International commitment on population policies: Beijing and Cairo conferences and millennium development goals)

९.५ जनसङ्ख्या व्यवस्थापनको अवधारणा र यसका लागि औपचारिक तथा अनौपचारिक क्षेत्रको योगदान (Concept of population management and contribution of formal and informal sectors)

## १०. जनसङ्ख्या शिक्षामा अनुसन्धान र अभ्यास (Research and practice in population education)

१०.१ अनुसन्धानको अवधारणा, यसको महत्त्व र प्रयोग (Concept of research, its importance and application)

१०.२ अनुसन्धानका चरणहरू (Steps of research)

१०.३ जनसाङ्ख्यिक अनुसन्धान प्रतिवेदनको खाका (Outline of population research report)

१०.४ जनसाङ्ख्यिक अनुसन्धानमा तथ्याङ्कको प्रयोग (Application of data/statistics in population research)

१०.५ जनसङ्ख्या शिक्षामा तथ्याङ्कीय विधिको प्रयोग (मध्यक, मध्यिका, स्तरीय विचलन र सहसम्बन्ध) (Application of statistical methods in population education: Mean, Median, Standard deviation, and correlation)

## विशिष्टीकरण तालिका

## विषयः जनसङ्ख्या शिक्षा

| एकाइ | विषयवस्तु | प्रश्न सङ्ख्या | अङ्क |
|---|---|---|---|
| | **खण्ड क** | | |
| १ | जनसङ्ख्या शिक्षाको अवधारणा | १ | १० |
| २ | जनसङ्ख्या शिक्षाको सैद्धान्तिक अवधारणा | १ | १० |
| ३ | जनसङ्ख्या शिक्षामा शैक्षणिक योजना र कक्षा व्यवस्थापन | १ | १० |
| ४ | जनसङ्ख्या शिक्षामा शिक्षण विधि तथा शैक्षणिक प्रविधि | १ | १० |
| ५ | जनसङ्ख्या शिक्षाको पाठ्यक्रम, पाठ्यपुस्तक तथा मूल्याङ्कन | १ | १० |
| | **खण्ड ख** | | |
| ६ | जनसाङ्ख्यिकी/जनसङ्ख्या अध्ययन | १ | १० |
| ७ | विश्वको जनसाङ्ख्यिक स्थिति र नेपाल | १ | १० |
| ८ | गुणस्तरीय जीवन, पारिवारिक जीवन शिक्षा र सामाजिक सुरक्षा | १ | १० |
| ९ | जनसङ्ख्या नीति तथा कार्यक्रम | १ | १० |
| १० | जनसाङ्ख्यिक अनुसन्धान र अभ्यास | १ | १० |
| | **जम्मा** | **१०** | **१००** |

**द्रष्टव्य :**

१. पाठ्यक्रम खण्ड **क** र खण्ड **ख** गरी दुई खण्डमा विभाजन गरिएको छ ।

२. सामान्यतया शिक्षणविधिसँग सोधिने प्रश्नहरू शिक्षणविधिसँग सम्बन्धित छन् ।

३. खण्ड **ख**बाट सोधिने प्रश्नहरू संज्ञानात्मक तहका हुनेछन् ।

४. प्रत्येक खण्डको लागि अलग अलग उत्तरपुस्तिकाको प्रयोग हुनेछ ।

५. लिखितपरीक्षाको माध्यम अङ्ग्रेजी वा नेपाली वा दुवै हुनेछ ।

६. यो पाठ्यक्रम २०८१/०७/२७ देखि लागु हुनेछ ।

**नमुना प्रश्नपत्र**

**नेपाल सरकार**

**शिक्षक सेवा आयोग**

**माध्यमिक तह, तृतीय श्रेणी शिक्षक पदको खुला प्रतियोगितात्मक परीक्षा, २०८१**

विषय: जनसङ्ख्या शिक्षा पूर्णाङ्क: १००

*सबै प्रश्नहरू अनिवार्य छन् । प्रत्येक खण्डका लागि बेग्लाबेग्लै उत्तरपुस्तिका प्रयोग गर्नु पर्नेछ, अन्यथा उत्तर पुस्तिका रद्द हुनेछ ।*

**खण्ड 'क'** **५ X १० = ५०**

१. नेपालमा जनसङ्ख्या शिक्षा विषयको विकासक्रमको चर्चा गर्दै वर्तमान सन्दर्भमा विद्यालय तहमा यस विषय शिक्षणको सान्दर्भिकता उल्लेख गर्नुहोस् । ५+५

२. जनसाङ्ख्यिक संक्रमणको सिद्धान्तको अवधारणा र यसका विशेषता चर्चा गर्दै नेपालको वर्तमान जनसाङ्ख्यिक परिवेशमा यसको सान्दर्भिकतबाारे विवेचना गर्नुहोस् । २+४+४

३. नेपालमा ज्येष्ठ नागरिकहरूको अवस्था उल्लेख गर्दै कक्षा १० मा शिक्षण गर्न ज्येष्ठ नागरिकको व्यवस्थापन पाठ शीर्षकमा एउटा पाठ योजना निर्माण गर्नुहोस् । ४+६

४.सूचना तथा सञ्चार प्रविधिको परिचय दिदै जनसङ्ख्या शिक्षाको सिकाइ सहजीकरणका लागि युट्युब र एआइको प्रयोगबारे उदाहरण सहित व्याख्या गर्नुहोस् । २ +४+४

५.माध्यमिक तहको जनसङ्ख्या शिक्षा पाठ्यकमको संक्षिप्त परिचय दिदै राम्रो मूल्याङ्कनका विशेषताहरू उल्लेख गर्नुहोस् । ५+५

**खण्ड 'ख'** **५ X १० = ५०**

६. जनसङ्ख्या बृद्धिदरको अवधारणा प्रष्ट पार्दै यसको कुनै तीन उपयोगिता उल्लेख गर्नुहोस् । घाताङकीय जनसङ्ख्या बृद्धिदर निकाल्ने तरिका उदाहरण सहित प्रस्तुत गर्नुहोस् । २+३+५

७. बसाइँसराइ तथा अनियन्त्रित शहरीकरण विकासमा पारेको असर बारे विवेचना गर्नुहोस् । ५+५

८. "प्रतिभा पलायन राष्ट्रको विकासमा बाधक हो ।" यस भनाइलाइ पुष्टी गर्नुहोस् । जनसाङ्ख्यिक लाभांश नेपालजस्ता विकासशील मुलुकको विकासकालागि कसरी सदुपयोग गर्न सकिन्छ, उदाहरण सहित व्याख्या गर्नुहोस् । ५+५

९. जनसङ्ख्या नीतिको अवधारणा सहित यसका कुनै चार महत्त्व उल्लेख गर्नुहोस् । नेपालमा जनसङ्ख्या नीतिको प्रभावकारिताको विश्लेषण गर्नुहोस् । २+४+४

१० मध्यक तथा मध्यिकाको परिचय तथा जनसङ्ख्या अनुसन्धानमा यिनीहरूको उपयोगिता उल्लेख गर्दै तलको तथ्याङ्कबाट मध्यक र मध्यिका गणना गर्नुहोस्: २+२+३+३

| प्राप्ताङ्क | २५ | ३० | ३५ | ४० | ४५ | ५० | ५५ |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी सङ्ख्या | ५ | ८ | १० | १३ | १५ | १२ | १० |